# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्तापूर्व)
गण्डकी प्रदेश, नेपाल

☎ ०७८-५७५३९६


प.सं.: ०८०/०८१
च.नं.:

मिति: २०८०/०४/१५

देवचुली नगरपालिका नगर कार्यपालिकाको कार्यालय प्रगतिनगर, नवलपरासी (ब.सु.पू.) गण्डकी प्रदेश

**डेंगु,जापानिज ईन्सेफलाइटिस रोकथामका लागि देबचुली नगरपालिका जनस्वास्थ्य शाखाको अनुरोध**

गर्मी र बर्षातको समय सुरुवात भएकोले नगरपालिकाको सम्पूर्ण टोलहरुमा लामखुट्टेको टोकाईबाट सर्ने डेंगु,जापानिज ईन्सेफलाइटिस रोग लाग्ने हुदा र कुनै कुनै वडामा डेंगुका बिरामीहरु देखिएकोले सो रोगबाट बच्न निम्न साबधानीका उपायहरु अपनाई लामखुट्टेको टोकाईबाट बच्न सम्पूर्ण टोलबासीहरुमा तपसिल अनुसार गर्नु गराउनुहुन अनुरोध छ ।

१. आफ्नो घर वरपर सरसफाई गरी पानी जम्ने खाडलहरु पुर्ने र टिनका डब्बाहरु,थोत्रा टायरहरू,गमला,फुलदानी,बाल्टीमा पानी जम्न नदिने ।
२. बिहान र साँझपख यो रोगको लामखुट्टे बढी सक्रिय हुने र टोक्ने हुदा सकेसम्म यो समयमा घर बाहिर खेतबारी,हास,सुँगुर,बंगुरको फार्ममा ननिस्कने ।
३. हाँस,सुँगुर,बंगुरको बासस्थान वरपर सावधानीपूर्वक दैनिक सरसफाई गर्ने ।
४. खेतको पानी,नालीको जमेको पानीमा लामखुट्टेले फुल पारेर आफ्नो संख्या बृद्दी गर्ने हुदा सरसफाईमा ध्यान दिने ।
५. घरको झ्याल,ढोकामा जाली लगाउने तथा सुत्दा सधै झुलको प्रयोग गर्ने ।
६. बिहान र साझमा घर बाहिर निस्कन परेमा पुरै शरीर ढाक्ने कपडा लगाई लामखुट्टेको टोकाईबाट बच्ने ।

**लामखुट्टे मार्न बिषादी प्रयोग गर्दा मानब स्वास्थ्यमा गम्भीर असर पर्ने हुदा लामखुट्टेको बासस्थान खोजेर नष्ट गर्नु उत्तम उपाय हो ।**

**निम्न लक्षणहरु देखिएमा तुरुन्त नजिकैको स्वास्थ्य सस्थामा सम्पर्क गर्ने :**

क. एक्कासी उच्च ज्वरो आउने ।
ख. टाउको दुख्ने,शरीर दुख्ने, घाटी दह्रो हुने ।
ग. वाकवाकी र बान्ता हुने तथा पखाला लाग्ने ।
घ. स्नायुजन्य समस्याहरु : हातखुट्टा दह्रो हुने,हिड्न नसक्ने,बोल्न र श्वास फेर्न गाह्रो हुने,अचेत हुने ।

यस्ता लक्षण तथा चिन्हहरु देखिएमा आफूखुसी निम्स,ब्रुफेन,एस्पिरिन जस्ता औषधिहरु किनेर नखानुहुन र तुरुन्त नजिकको स्वास्थ्य सस्थामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

४/१५
राम कुमार श्रेष्ठ
स्वास्थ्य शाखा प्रमुख


इमेल: devchulimunicipality@gmail.com